## बटेश्वर गाउँपालिकाद्धारा प्रकाशित

---

# स्थानीय राजपत्र

---

**खण्डः१** **संख्याः५** **.मिति २०८१/११/१५**

---

## भाग-२

## बटेश्वर गाउँपालिका

नेपालको संबिधान,२०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने सम्वन्धि ऐन,२०७५ को दफा (४) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०८१ सालको कार्यबिधि नं.५

### खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना :** बटेश्वर गाउँपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीको पहच सबै गाउँवासीहरुमा पुर्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी सरसफाई उपभोक्ता समितिहरुको स्थापना ,दर्ता र व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले बटेश्वर गाउँ कार्यपालिकाबाट मिति २०८१।११।१२ गतेमा स्वीकृत भई यो खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि बनाईएको छ।

**१. सक्षिप्त नाम, विस्तार र प्रारम्भ :** १) यस कार्यविधिको नाम **"खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०८१"** रहको छ ।

२) यो कार्यविधि बटेश्वर गाउँपालिका भित्र मात्र लागु हुनेछ ।

३) यो कार्यविधि कार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

**२. परिभाषाः क)** "खानेपानी" भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनुपर्छ ।

ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बटेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्दछ ।

घ) "तोकिएको वा तोकिए वमोजिम" भन्नाले यस कार्यविधिअन्तरगत बनेको नियम, निर्देशिकामा तोकिए बमोजिम सम्झनु पर्दछ ।

ङ) "संस्थाको सम्पत्ति" भन्नाले मुहान क्षेत्र, त्यस भित्रका भौतिक संरचना तथा समितिको जिम्मामा रहेको अन्य जिन्सी तथा नगदलाइ सम्झनुपर्छ ।

च) "सेवा क्षेत्र भन्नाले" समितिले तोकेको खानेपानी वितरण गर्ने चार किल्ला सहित तोकिएको सेवा क्षेत्र सम्झनुपर्छ ।

(छ) "सरसफाई" भन्नाले गाउँपालिका क्षेत्र भित्रको ढल तथा फोहोर व्यवस्थापन समेतलाई बुझाउछ ।

**३. उपभोक्ता समिति दर्ता गर्नु पर्ने :** स्थानीय स्तरमा सामुदायिक रूपमा आफ्ना निमित्त खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस कार्यबिधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुदैन ।

**४.खानेपानीको मुल दर्ता गर्नु पर्ने :** (१) गाउँपालिकाको क्षेत्र मा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (डिपबोरिङ्ग सतही मुल) बाट सङ्कलन गरी खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मुलसहित आधिकारिक खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नका लागि खानेपानी सङ्कलन गर्न उत्पादनको मुख्य श्रोतमुहान (मुल) दर्ताका लागि गाउँपालिका समक्ष माग गर्नु पर्नेछ । डिपबोरिङ्ग गर्नु पर्दा गाउँपालिकाको स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ । माग भए पछि निम्न अनुसारको समितिले मुल दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको अनुमति दिन सक्नेछ ।

१)गाउँपालिका अध्यक्ष - संयोजक

२)सम्बन्धित वडाको अध्यक्ष -सदस्य

३)गाउँपालिका अध्यक्षले ले तोकेको एकजना कार्यपालिका सदस्य -सदस्य

४) गाउँपालिका अध्यक्षलेले तोकेको खानेपानीको क्षेत्रमा काम गरेको एकजना बिज्ञ/प्रतिनिधि-सदस्य

५)प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा खानेपानीसँग सम्बन्धित इन्जिनियरलाइ आमन्त्रित सदस्यका रुपमा राख्न सकिनेछ ।

**५. समिति दर्ता गर्ने :** (१) समिति दर्ता गर्न कम्तीमा सात जना बढीमा एघार जना व्यक्तिहरुले देहायका विवरण खुलाई समितिको विधान (अनुसूची १ बमोजिम) एक प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र तोकिएको दस्तुर सहित गाउँपालिका प्रमुख समक्ष निवदन दिनु पर्नेछ ।

क) समितिको नाम,

ख) उदेश्यहरु,

ग) खानेपानी वितरणको सेवा क्षेत्र

घ) समितिका सदस्यहरुको नाम , ठेगाना र पेसा,

ङ) कार्यालयको ठेगाना,

च) गा.पा.द्वारा तयार गरिएको नमुना अनुसारको विधान

(२) उपदफा (१) बमोजिमको निवदन तथा सम्बन्धित वडाको सिफारिस भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न गाउँपालिका अध्यक्ष मार्फत कार्यपालिका बैठकमा सिफारीस गर्नु पर्ने छ। बैठक बाट दर्ता प्रस्ताव स्वीकृत भएमा प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्ने छ।

(३)कार्यपालिकाले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको पुष्टि हुने कारण सहित सुचना निवदकलाई दिनु पर्नेछ र निवदकले सुचना प्राप्त गरेको मितिले पैतिस दिनभित्र त्यस्तो निर्णय उपर गाउँपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ।

(४)उपदफा (३) बमोजिमको पुनरावेदन प्राप्त भएपछि गाउँपालिका अध्यक्षले वडा मार्फत सम्वन्धित क्षेत्रको बिज्ञ सहितको टोलिले आवश्यक जाँचबुझ गरी प्राप्त प्रतिवेदन अनुसार त्यस्तो समिति दर्ता गर्न मनासिब ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृत लाई कार्यपालिकामा पेश गर्न आदेश दिन सक्नेछन र त्यसो भएमा प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गर्ने सम्वन्धमा कार्यपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।कार्यपालिकाबाट दर्ता गर्ने प्रस्ताव स्वीकृत भएमा प्रमुख प्रशासकीय अधिकृत ले समिति दर्ता गरी प्रमाणपत्र दिनु पर्ने छ।

(५)यस दफा अन्तरगत दिइने प्रमाणपत्रको ढाँचा अनुसूची -२ बमोजिम हुनेछ ।

(६)दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नवीकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु २,००० (दुई हजार), नवीकरण दस्तुर वार्षिक रु १५०० (पन्ध्र सय) तिर्नु पर्नेछ ।

**६. समिति संगठित संस्था मानिने :** (१) यस कार्यबिधि अन्तरगत दर्ता भएको समिति अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित समिति हुनेछ । सो समितिका सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ति :** (१) तोकिएको मुहान क्षेत्र, भौतिक सरचना, समितिको मौज्दातमा रहेको नगद तथा जिन्सी समितिका सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने कब्जा वा रोक्का राखबाट फिर्ता लिइ समितिलाइ बुझाइदिन सक्नेछ ।

(२)उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिता गर्ने गरी गाउँपालिकाले गरको कारबाहीमा चित्त नबझ्ने व्यक्तिले सम्बन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३)समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समितिका कुनै सदस्य उपर प्रचलित कानुनबमोजिम गाउँपालिकाले कारबाही चलाउन सक्नेछ ।

**८. यसअघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नुपर्ने :** (१) यो कार्यबिधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुनबमोजिम सूचीकृत भई वा नभई स्थापना भएका समितिले पनि यो कार्यबिधि प्रारम्भ भएको मितिल ६ (छ) महिनाभित्र यो कार्यबिधि बमोजिम गाउँपालिकामा दर्ता गराउनु पर्नेछ । दर्ता नगराएमा त्यस्ता समितिहरुको खाता रोक्का गरी वडा मार्फत सम्पुर्ण हरहिसाब निरीक्षण गरी उपभोक्ताहरुको भेला गराइ नयाँ समिति गठन गरी दर्ता गर्न सक्नेछ । जिल्ला जलस्रोत समिति वा अन्य सरकारी निकायमा पहिले दर्ता भइसकको समितिहरुको लागि दर्ता/सुचिकृत हुनका लागि गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**९. समितिको उद्देश्यहरुमा हेरफेर :** (१) समितिको उेद्दश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा अन्य समितिलाइ आफ्नो समितिमा गाभ्न उचित देखेमा सो समितिले तत्तसम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधानबमोजिम साधारण सभा बोलाउनु पर्नेछ । सभाबाट अनुमोदन गराई गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा सर्मथन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न गाउँपालिकाको पुर्वस्वीकृति लिनुपर्नेछ ।

**१०. समितिको वर्गिकरण :** दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको व्यवस्थापनवाट खानेपानी उपलब्ध गराउन उपभोक्ता सदस्य सङ्ख्याका आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गीकरण हुनेछ :

१) १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क) वर्ग,

२) ५०१ दखि १०००जना उपभोक्ता सदस्य भएको (ख) वर्ग,

३) ५०० जनासम्म उपभोक्ता सदस्य भएको (ग) वर्ग,

**११. तर्दथ समिति गठन गर्न सकिने :** यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समिति गठन पक्रिया पुरा गरेमा त्यस्तो तर्दथ समिति वा अवधि पुरा भएको उपभोक्ता सदस्यहरुमध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रक्रिया काम कारवाही गरी गराइ व्यवस्थापन गर्न सकिनेछ ।

**१२. संघ गठन गर्न सकिने :** दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुमध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता सघं गठन गरी सोही संघको मातहतमा प्रत्यक्ष रेखदेख सहयोग समेत रहने गरी अन्य सम्पुर्ण खानेपानी उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

**१३. हिसाबको विवरण पठाउनु पर्ने :** उपभोक्ता समितिले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदनसहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ । आ.व. सुरु भएको मितिले ६ महिनाभित्र सभा सम्पन्न गर्नुपर्नेछ ।

**१४. हिसाब जाँच गर्न :** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब जुनसुकै बला आफुले नियुक्त गरको कुनै अधिकृत द्वारा जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिका पदाधिकारी, सदस्य र कमचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनका आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्ता पदाधिकारी, सदस्य वा कमचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानुनबमोजिम कारबाही चलाउन सक्नेछ । तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुनबमोजिम मुद्दा चलाउन सक्नेछ ।

**१५. निर्देशन दिने :** गाउँपालिकाले समितिलाइ आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१६. दण्ड सजाय :** (१) दफा ४ बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी समिति सञ्चालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही दश हजार रुपैयाँसम्म जरिवाना गरी प्रचलित कानुन बमोजिम कारवाही गरिर्नेछ ।

(२) दफा (१३) बमोजिम हिसाबको विवरण नपठाएमा संचालक समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (१३) उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाइ सजाय गरिने छैन ।

(३)दफा (१४) उपदफा (२)बमोजिम हिसाब जाँच गर्न्ने सम्बन्धित अधिकृतले मागको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाइ गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(४)दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृति नलिइ समितिको उदेश्यमा हेरफेर गरेमा वा अर्को समितिसंग गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकुल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्ता समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

१७. दफा १६(४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरको अन्तिम निर्णय उपर पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१८. समितिको विघटन वा त्यसको परिणाम :** (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पुर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

**१९.नियम बनाउने अधिकार :** यस कार्यबिधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**२०.समितिको बिघटन** : समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमिति स्वतः विघटन भएको मानीनेछ । अर्को कार्य समिति चयन नभएसम्म समिति सञ्चालन गाउँपालिकाले आबश्यक निर्णय गरी गर्ने छ तर विघटन भएको समिति मार्फत संस्थाको कुनै पनि कामकारवाही संचालन गर्न पाईने छैन।

**२१. खारजी वा बचाउ :** (१) खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यबिधि लागु हुनुपुर्व जलश्रोत ऐन, २०४९ अन्तरगत दर्ता भएका समिति यस कार्यबिधि बमोजिम गाउँपालिकामा दर्ता सुचिकृत हुनु पर्नेछ। सुचिकृत दर्ता नभएका समितिको गाउँपालिका बाट नविकरण गरिने छैन ।

## अनुसूची—१

(दफा ५ को उपदफा (१)सँग सम्बन्धित)

खानेपानी संस्थाको लागि विधानको नमूना

..........................खानेपानी संस्थाको विधान

प्रस्तावना : बटेश्वर गाउँपालिको वडा नं.. .. ... मा रहको . .. . . . . . .. .. बाट पानी संकलन गरी संचालन गरिदै आएको पानीलाई . ..... ........को बासिन्दाहरुको लागि खानेपानी आयाजनाको कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले खानेपानी आयोजनाको कार्यक्रम छनोट गरी कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा, मुल्याङ्कन, सञ्चालन र मर्मत सम्भार समेत स्थानीय स्तरबाट गर्ने गरी स्थानीयवासीहरुको तत्परतामा यो विधान तर्जुमा गरी **बटेश्वर गाउँपालिको खानपानी तथा सरसफाइ उपभोक्ता समिति गठन तथा ब्यवस्थापन कार्यविधि,२०८१** बमोजिम ... ...... ..... ........... ..... ....... ....उपभोक्ता समिति गठन गरिएको छ ।

## परिच्छेद—१

### १. प्रारम्भिक

संस्थाको नाम ... ...... ...... ...... ..... ....... ..... ...... ...... ... हुनेछ ।

**प्रारम्भ :** यो विधान बटेश्वर गाउँपालिकाको कार्यालय बाट स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

क) ऐन भन्नाले ... .......... ..... ....... .......... . लाइ जनाउछ ।

ख) विधान भन्नाले ...... ...... ...... ..... विधानलाइ सम्झनु पर्छ ।

ग) संस्था भन्नाले .... ....... ..... ...... .....लाई जनाउछ ।

घ) समिति भन्नाले ...... ...... ..... .... .यस विधान बमोजिम गठन हुने कार्य समितिलाई जनाउदछ ।

ङ) उप समिति भन्नाले मुल समितिले आफुमा निहित सम्पुर्ण वा आशिंक अधिकार प्रत्यायोजन गर्ने गरी खास स्थान क्षेत्र तथा कार्यको लागि बनाइने समितिलाई जनाउछ ।

च) उपभोक्ता सदस्य भन्नाले कार्यकारी र साधारण सदस्य समेतलाई जनाउछ ।

छ) पदाधिकारी भन्नाले संस्थाको पदाधिकारीहरुलाइ सम्झनु पर्दछ ।

ज) सभा भन्नाले यस विधानबमोजिम बसेको साधरण सभा र विशेष साधरण सभालाई समेत जनाउछ ।

झ) आर्थिक वर्ष भन्नाले प्रत्येक वर्षको श्रावण १ गतेदखि प्रारम्भ आगामी आषढ मसान्तसम्मको एक वषको अवधिलाइ जनाउछ ।

**३. सस्थाको छाप र चिन्ह :** प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी सस्थाको एउटा छुटै छाप तथा चिन्ह हुनेछ ।

## परिच्छेद– २

## उद्देश्य र कार्यक्षेत्र

**४.सस्थाको उद्देश्यः** प्रचलित कानुनको दायरामा रही नेपाल सरकार र अन्तरगतको निकायहरुबाट लागु गरिएको मार्गदर्शन र परिपत्रहरु समेतलाई पालना गर्ने गरी यस संस्थाको उद्देश्य देहायबमोजिम हुनेछ :

क)यो संस्था मुनाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख)सफा, स्वच्छ खानपानी, सरसफाइ सम्बन्धी सुधारको कार्यक्रममा नेपाल सरकारको स्वीकृति लिइ समान उद्देश्य प्राप्तिको लागि नपाल सरकार, स्थानीय तह, स्वदेशी तथा विदशी गैरसरकारी संस्थाहरु, व्यक्ति निकाय संग समन्वय गरी सहयोगको कार्य अगाडि बढाउन नेपाल सरकारको स्वीकृति प्राप्त गरी समान उद्देश्य भएको संघ संस्थाहरुसंग समन्वय गरी सहकार्य गर्ने ।

ग)हाल संञ्चालनमा रहेको पानीको क्षमतालाई मध्येनजर गर्दे बढ्दो जनघनत्वको कारण पानीको मागलाई सहज ढंगबाट आपुर्ति गर्न डिप बोरिङ्ग गरी उपभोक्ताहरुलाई पानी वितरण गरिनेछ ।

**५.प्रतिबद्धता :** प्रस्तावित संस्थाको कुनै क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ, संगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको बर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सरक्षमा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिबद्धता व्यक्त गरिन्छ ।

## परिच्छेद ३

## सदस्यता

**६. सदस्यताको वर्गीकरण :** यस संस्थाको देहाय बमाजिमको २ प्रकारमा सदस्यहरुको वर्गीकरण गरिएको छ ।

क)साधारण सदस्य : यस सस्थाको विधानबमोजिम स्वीकृति लिइ धारा जडानको माग गरको व्यक्ति यस उपभोक्ता समितिको साधारण सदस्य हुनेछन् ।

ख) सस्थापक सदस्य : यस सस्था दर्ता गर्दाको बखत रहको पदाधिकारी एव सदस्यहरु संस्थापक सदस्य हुनेछन ।

**७.सदस्यताको योग्यता** : यस संस्थाको विधान र नियमलाई पालना गर्ने उपभोक्ता (व्यक्ति) सदस्यको लागि योग्य मानिनेछ ।

**८.सदस्यता नरहने अवस्था** : यस संस्थाको स्वीकृति लिइ धारा जडान गरको उपभोक्ता (व्यक्ति) ले यो विधान र नियमलाई पालना नगरेमा यसको सदस्य रहने छैन।

## परिच्छेद ४

## उपभोक्ता समुह र उपभोक्ता समिति

**९.उपभोक्ता समुहको गठनः** यस उपभोक्ता समितिबाट स्वीकृति लिइ धारा जडान गरको उपभोक्ता (व्यक्ति) यसको उपभोक्ता समुहको सदस्य हुनेछन र उक्त भेलाबाट गठित ९ सदस्यीय समिति यसको कार्य समिति हुनेछ ।

**१०.साधारण सभाको काम, कर्तव्य र अधिकार** : साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

क) पेश गरको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गरी नियमित गर्न नमिल्ने बेरुजु रकमबाट असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी आर्थिक वर्षको लागि लेखापरीक्षकको नियुक्ति गर्ने ।

घ) उपभोक्ता समितिको वार्षिक कार्य प्रगति विवरण र उपभोक्ता समितिले गरेको कार्यहरुको मुल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ)संस्थाको कार्य समितिको पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा विधान बमोजिम प्रक्रिया अन्तरगत रही निर्वाचन गर्ने ।

च)सदस्यहरुको घरमा धारा जडान गर्दा लाग्ने शुल्क,धरौटी मासिक शुल्क, सेवा शुल्क लगायतको दर निधारण गर्ने।

छ) कार्य समितिद्वारा पेश भएको विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

ज)कार्य समितिबाट संस्थाको हित अनुकुल भएको काम कारबाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

झ)संस्थाको आफ्नो आन्तरिक श्रोतबाट व्यर्होने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृत प्रदान गर्ने ।

ञ)लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

ट)आवश्यकता अनुसार विधान संशोधन गर्ने ।

## परिच्छेद ५

## कार्य समिति, पदाधिकारीको काम, कर्तव्य र अधिकार

**११. कार्यसमितिको गठन** : (क) कार्य समितिको गठन वार्षिक साधारण सभाबाट हुनेछ । संस्था दर्ता गर्नको लागि निम्न बमोजिम ३३ प्रतिशत महिला अनिवार्य हुने गरी अध्यक्ष तथा सदस्य रहेको तर्दथ समिति रहनेछ । सो तर्दथ समितिले ६ महिना सम्मको लागि संस्थाको कार्य गर्नेछ ।

१) अध्यक्ष

२) उपाध्यक्ष

३) सचिव

४) सह सचिव

५) कोषध्यक्ष

६) सदस्य

७) सदस्य

८) सदस्य

९) सदस्य

(ख) कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ ।

(ग) समितिको काम कर्तव्य र अधिकार : १) उपभोक्ता समितिले आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाइ साधारण सभामा प्रस्तुत गर्ने ।

२) विधान बमोजिमको नियम पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने वा गराउने ।

३) उपभोक्ता समितिको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

४) साधारण सभाप्रति उत्तरदायी रहने ।

५) उपभोक्ता समितिको उद्देश्य प्राप्तिको लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६) उपभोक्ता समितिको कार्य सम्पादन गर्ने योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

७) उपभोक्ता समितिको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र आर्थिक कोरोवार बैक खाता खोली संचालन गर्ने ।

८) उपभोक्ता समितिले कर्मचारीहरुको सेवा, सर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाइ साधारण सभाबाट स्वीकृत गराइ लागु गर्ने गराउने ।

९) उपभोक्ता समितिको उद्देश्य परिपुर्तिका लागि आफनो कार्य अवधिमा उर्पयुक्त व्यक्तिहरुको सल्लाहाकार समिति अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाड गरिदिने ।

**१२. उपभोक्ता समितिको बैठक :** क)अध्यक्षको अनुमति लिई सचिवले समितिको बैठक बालाउनेछ।

ख) उपभोक्ता समितिको बैठक कम्तिमा महिनाको १ पटक बस्नेछ ।

ग) उपभोक्ता समितिको बैठक हुन गणपरक सङख्या ५१ प्रतिशत हुनु पर्नेछ ।

घ) उपभोक्ता समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ तर अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षले अध्यक्षता गर्नेछ ।

ङ) बैठकमा मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

**१३. पदत्याग गन सक्ने :** अध्यक्षले उपाध्यक्ष मार्फत उपभोक्ता समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारी एव सदस्यले अध्यक्ष समक्ष राजीनामा दिइ पद त्याग गर्न सक्नेछन ।

**१४. अन्य समितिहरु :** यस विधानको परिधिभित्र रहर उपभोक्ताहरुको हितको लागि कार्य संचालनको लागि उपभोक्ता समितिले आवश्यकता अनुसार अन्य समिति वा उप—समितिहरु गठन गरी कार्य गराउन सक्नेछ ।

**१५. उपभोक्ता समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

अ) अध्यक्षको काम कर्तव्य र अधिकार : क) बैठक एव सभा र समितिको अध्यक्षता गर्ने,

ख) उपभोक्ता समितिले तोकको काम सम्पन्न गराउने,

ग) आवश्यकता अनुसार बैठक बोलाउन लगाउने,

घ) बैठकको अन्तिम निणय तर्क सम्मत गराउने,

ङ) निर्णयक मत दिने,

च) संस्थाको नेतृत्व लिने,

आ) उपाध्यक्षको काम कर्तव्य र अधिकार : (क) अध्यक्षको कार्यमा सहयोग गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(ग) संस्थाको उत्तरोत्तर विकासको लागि कार्य गर्ने,

इ) सचिवको काम कर्तव्य र अधिकारः क) कार्यकारी समिति वा साधारण समितिले गरका निणयहरु कार्यान्वयन गराउने ।

ख) संस्थाको तर्फबाट पत्राचार गर्ने ।

ग) संस्थाको दैनिक कार्य संचालन गर्ने ।

घ) सहसचिवले सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पुर्ण कार्य सहसचिवले गर्ने ।

इ) कोषाध्यक्ष : क) संस्थाको हिसाब किताब दुरुस्त राख्ने र आय व्ययको प्रतिवेदन साधारण सभामा पेश गर्ने ।

ख) साधारण सभाद्वारा तोकिएको लेखा परीक्षकद्वारा संस्थाको लेखा परीक्षण गराउने ।

ग) संस्थाको कोष सम्बन्धी कार्यमा प्रमुख भई संस्थाको लेखा परीक्षण गराउने ।

घ) लेखा परीक्षण प्रतिवेदन तयार गरी साधारण सभामा पेश गर्ने ।

उ) सदस्यको काम कर्तव्य र अधिकारः क) बैठकमा उपस्थित भई निर्णय गर्न सहयोग गर्ने ।

ख) ताकिएको उद्देश्य अनुसारको काममा सहयोग गर्ने ।

ग) तोकिएको उप—समितिको हितमा कार्य गर्ने ।

**१६.गणपुरक सङ्ख्या :** कुल सदस्य सङ्ख्याको ५१ प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभई साधारण सभाको काम कारवाही मान्य हुनेछैन।तर पहिले साधारण सभा ५१ प्रतिशत गणपुरक संङख्या नपुग भएमा, १५ दिन भित्र दोश्रो साधारण सभा बालाइनेछ । उक्त भेलामा ३३ प्रतिशत सङ्ख्याको उपस्थितिलाइ गणपरक सङख्या मानिनेछ ।

## परिच्छेद —६

## आर्थिक अवस्था

**१७. समितिको कोष :** १) समितिको आफना छुट्टै कोष हुनेछ र सो कोषमा देहायबमोजिम प्राप्त रकमहरु जम्मा हुनेछ :

क) सदस्यता बापत प्राप्त प्रवेश शुल्क तथा सदस्यता शुल्क रकम ।

ख) कसैले स्वेच्छाले दिएको चन्दा, अनुदान, सहायता बापत प्राप्त नगद, जिन्सी रकम ।

ग)सस्थाको चल, अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम।

घ)विदशी संस्था, व्यक्ति वा अन्तराष्ट्रिय संघ सस्थाबाट सहयोग प्राप्त रकम ।

ङ)नेपाल सरकारबाट सस्थाको उद्देश्य परिपुर्तिको लागि प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

च) नेपाल सरकारबाट संस्थाको उद्देश्य परिपुर्तिको लागि प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

२) संस्थामा प्राप्त रकम स्थानीय बैक वा वित्तीय संस्थामा जम्मा गरी बैक मार्फत सञ्चालन गरिने छ ।

**१८. खाता सञ्चालन :** संस्थाको अध्यक्ष, कोषाध्यक्ष र सचिवमध्ये कोषाध्यक्षको अनिवार्य र अन्य दुईमध्ये कुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन, नियमअनुसार खर्च गर्न तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

**१९. कोषको रकम खर्च गर्ने तरिकाः** संस्थाको कोषमा जम्मा गरको रकम खर्च गर्दा साधारण सभाबाट पारित बजेट तथा कार्यक्रमको आधारमा देहायबमोजिमको तरिका अपनाई खर्च गरिनेछ :

(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको वार्षिक प्रतिवेदन साधारण सभामा अनिर्वाय रुपले पेश गर्नुपर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिएबमोजिम खर्च गरिनेछ ।

ङ) कोषाध्यक्षले रकम निकासा गर्दा एक पटकमा रु. १०,०००।— (दश हजार) भन्दा बढी गर्न पाउने छैन सोभन्दा बढी रकम निकोसा गर्नु परेमा कार्य समितिको निर्णय र स्वीकृति लिएर मात्र रकम निकासा र खर्च गर्नुपर्नेछ।

छ) रकम निकासा गर्दा सकभर संस्थाको नाममा कायम रहको बैक खाता मार्फत अर्थात चेक मार्फत गर्नुपर्नेछ ।

**२०. संस्थाको लेखा र लेखापरीक्षण** : १) संस्थाको आय व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ ।

२) संस्थाको लेखा परीक्षण प्रचलित कानुनबमोजिम रजिस्टर्ड लेखापरीक्षकबाट हुनेछ ।

३) नपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत संस्थाको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

४) लेखापरीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । सोको जानकारी गाउँपालिकालाई समेत दिनु पर्नेछ । लेखापरीक्षण समयमा नगराएको खण्डमा गाउँपालिकाले लेखापरीक्षक तोकी लेखापरीक्षण गराउन सक्नेछ ।

## परिच्छेद—७

## निर्वाचन

**२१. निर्वाचन सम्बन्धी व्यवस्था** : संस्था दर्ता भएको ६ महिनाभित्र कार्यसमितिले साधारण सभा बोलाउनु पर्नेछ र उक्त साधारण सभाद्वारा उपभोक्ता समिति गठन गरी सोको जानकारी गाउँपालिकालाई दिनु पर्नेछ । निर्वाचन गर्नु परेमा तत्काल कायम रहको तर्दथ समितिले एक निर्वाचन समितिको गठन गर्नेछ । निर्वाचन सम्बन्धी कार्य प्रचलित ऐन कानुनमा तोकिएबमोजिम गठित समितिले गर्नेछ ।

**२२. उम्मेदवार हुने योग्यता** : क) पानीको उपभागको लागि धारा जडान गरको ।

ख) यस सस्थाको कुनै अहित हुने काम नगरको ।

ग)उपभोक्ता समितिलाई बुझाउनु पर्ने शुल्क म्यादभित्र तिरी बुझाएको ।

घ) निर्वाचनसम्बन्धी आचारसहिताको पुरा परिपालना गरको ।

ङ) मानसिक सन्तलन नगुमाएको ।

च) प्रचलित कानुनबमोजिम अयोग्य नठहरिएको ।

**२३. अविश्वासको प्रस्ताव** : १) अविश्वासको प्रस्ताव उपर आफनो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गहण गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको रीत पुर्याइ संस्थामा दर्ता गर्नुपर्नेछ ।

क) नपाली भाषमा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनुपर्दछ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्दछ ।

ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/३ (एक तिहाइ) सदस्यहरुको प्रष्ट नामथर क्र.स. सहित दस्तखत भएको हुनुपर्दछ ।

**२. अविश्वास प्रस्ताव माथि छलफलको प्रक्रिया** :क) साधारण सभामा अविश्वास प्रस्ताव पेश गर्ने व्यक्तिले विधानबमोजिम प्रस्ताव पेश गर्न अनुमति दिइनेछ । प्रस्ताव पेश गर्नेले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख)अविश्वासको प्रस्ताव पक्षको सदस्यहरुले आफ्नो अभिमत प्रस्तुत गरे पछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) अविश्वासको प्रस्ताव जुन पदाधिकारी विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिद्वारा उक्त पदाधिकारीहरुलाइ आफनो सफाई पेश गर्ने मौकाको लागि अनुमति दिइनेछ ।

**३. अविश्वास प्रस्ताव माथि निर्णय** : १.अविश्वासको प्रस्ताव उपर आफनो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता ग्रहण गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निणयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावमा पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत पकट गर्ने अर्को समुहमा छुट्याएर वा

ख) साधारण सभाको सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर।

२.साधारण सभाको कुल सदस्य सङख्याको दुइ तिहाइ बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ ।

३. निवाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**२४. कर्मचारी व्यवस्थाः** संस्थाको दैनिक कार्य संञ्चालन योजना तथा कार्यक्रमको लागि कमचारीको दरबन्दी सृजना, पारिश्रमिक, सेवा सुविधा भत्ता तथा अन्य सुविधा कर्मचारीहरुको सेवासर्तहरु अपनाउनुपर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**२५. संस्था खारेजी** : (१) साधारण सभाले आवश्यक देखेमा विशष प्रस्ताव पारित गरी संस्था खारेज गर्ने निर्णय गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

२) कुनै कारणवश संस्था खारेज भएमा संस्थाको सम्पुर्ण चल अचल सम्पत्ति गाउँपालिकाको हुनेछ ।

**२६. विधान संशोधन** : कुल सदस्य सङख्याको २/३ (दई तिहाइ) सदस्यहरुले अनुमोदन गरपछि मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि गाउँपालिका समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । गाउँपालिकाबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

**२७. छाप र लागो** : उपभोक्ता समितिको छाप र लोगो यस विधान साथ संलग्न गरी गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

**अनुसुची—२**

(दफा ५ को उपदफा (५)सँग सम्बन्धित)

दर्ता प्रमाणपत्रको ढाँचा

"शिक्षा स्वास्थ्य,कृषि,पूर्वधार र रोजगार सुन्दर बटेश्वर गाउँपालिकाको विकास समृधिको आधार"

बटेश्वर गाउँपालिका

गाउँ कार्यपालिकोको कार्यालय

बटेश्वर, धनुषा

**प्रमाण पत्र**

दर्ता मिति :

दर्ता नं. :

संस्थाको नाम.................................................................

धनुषा जिल्ला बटेश्वर गाउँपालिका वडा नं..........अन्तर्गत श्री ......................................... उपभोक्ता समिति बटेश्वर गाउँपालिकाको खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम मिति : .. ........... . ............. ......को निर्णयानुसार दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।बटेश्वर गाउँपालिकाको खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम आफ्नो कार्य संञ्चालन गर्नु होला ।

सहीः

नाम थर :

पद

| आ.ब | मिति | कर रकम | जरिवाना छुट | बहाल कर | प्रवेश कर शुल्क | परिचय पार्टी शुल्क | दर्ता /नवीकरण शुल्क | जम्मा रकम रु | रसिद नं. | रकम तिरेको मिति | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

गाउँ कार्यपालिकाका बाट स्वीकृत मितिः२०८१।११।१२ गते

प्रमाणीकरण मितिः२०८१।११।१५ गते

**आज्ञाले,**

**रेवतीप्रसाद पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**